माङसेबुङ गाउँपालिका, इलाम
गाउँ कार्यपालिकाको बैठक

**बैठक संख्या : ४८ औं** **मिति : २०८२/०१/१७**

आज मिति २०८२ साल बैशाख १७ गते बुधबारका दिन माङसेबुङ गाउँपालिकाका अध्यक्ष श्री हेमन्त राई ज्यूको अध्यक्षता तथा देहायको उपस्थितिमा, गाउँ कार्यपालिकाको बैठक वसी निम्नानुसार निर्णय गरियो ।

उपस्थिति :

| क्र. सं. | नाम, थर | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | श्री हेमन्त राई | अध्यक्ष | | |
| २ | श्री विनोद कुमार नेम्वाङ | उपाध्यक्ष | | |
| ३ | श्री भुपाल योङहाङ | १ नं वडा अध्यक्ष | | |
| ४ | श्री कृष्ण बहादुर वस्नेत | २ नं वडा अध्यक्ष | | |
| ५ | श्री लक्ष्मन राई | ३ नं वडा अध्यक्ष | | |
| ६ | श्री नविन लिम्बू | ४ नं वडा अध्यक्ष | | |
| ७ | श्री नरेन्द्र कुमार राई | ५ नं वडा अध्यक्ष | | |
| ८ | श्री प्रदिप साङपाङ | ६ नं वडा अध्यक्ष | | |
| ९ | श्री डिक माया लुहागुन | सदस्य | | |
| १० | श्री प्रमिता धमला विश्वकर्मा | सदस्य | | |
| ११ | श्री हस्त कुमारी लिम्बू | सदस्य | | |
| १२ | श्री पुनम साम्वाहाम्फे | सदस्य | | |
| १३ | श्री सुसन राई | सदस्य | | |
| १४ | श्री वुद्धि प्रसाद खतिवडा | सचिव | | |
| १५ | श्री ओम प्रकाश खड्का | सूचना प्रविधि अधिकृत | | |
| १६ | | | | |
| १७ | | | | |
| १८ | | | | |

माङसेबुङ गाउँपालिका, इलाम

गाउँ कार्यपालिकाको बैठक

बैठक संख्या : ४८ औं                                        मिति : २०८२/०१/१७

**प्रस्ताव नं. १**

अघिल्लो बैठकको कार्यान्वयनको समीक्षा गर्ने सम्बन्धमा ।

**निर्णय नं. १** : मिति : २०८१ चैत्र ०८ गते शुक्रबारका दिन भएको बैठकको निर्णय कार्यान्वयनको समीक्षा गरियो ।

**प्रस्ताव नं. २**

सेवा प्रवाहको स्थितिको समीक्षा गर्ने सम्बन्धमा ।

**निर्णय नं. २**

हालसम्म गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु तथा स्वास्थ्य संस्थाहरुबाट भए गरेका सेवा प्रवाहको स्थितिको समीक्षा गरियो । कमी कमजोरीहरु सुधार्दै जाने निर्णय गरियो ।

**प्रस्ताव नं. ३**

प्रदेश समपूरक अनुदान अन्तर्गत संचालन गरिने आयोजना तथा कार्यक्रम माग गर्ने सम्वन्धमा ।

**निर्णय नं. ३**

आर्थिक मामिला तथा योजना मन्त्रालय कोशी प्रदेश विराटनगरको मितिः २०८१।१२।२१, प.स. ०८१।८२ तथा च.नं. १०११ को पत्र बमोजिम आगमी आ.व. ०८२।८३ मा संचालन गर्ने गरी यस गाउँपालिकाबाट देहाय बमोजिमका आयोजना तथा कार्यक्रमहरु माग गर्ने निर्णय गरियो ।

**देहायः**

| क्र.सं. | आयोजना तथा कार्यक्रमको नाम | कूल लागत अनुमान | प्रदेशको अनुदान | गाउँपालिकाको लागत सहभागिता |
|---|---|---|---|---|
| १ | ३ नं. वडा कार्यालय भवन निर्माण | २,००,००,००० | १,४०,००,००० | ६०,००,००० |

**प्रस्ताव नं. ४**

आ.ले.प अधिकृतस्तर छैठौं तहका कर्मचारीबाट आर्थिक प्रशासन सम्बन्धी काम गराउनको लागि अनुरोध गर्ने सम्वन्धमा ।

**निर्णय नं. ४**

यस गाउँपालिकाका लेखा प्रमुख श्री राम दुलाल देउमाई नगरपालिका सरुवा भई हाजिर समेत भइसक्नु भएको र कोष तथा लेखा नियन्त्रण कार्यालय इलामको मितिः२०८१।१२।१३, प.स. ०८१।८२ तथा च.नं. ३१२ को पत्र बमोजिम २०८२ बैशाख मसान्त सम्मको लागि हप्ताको दुई दिन यस गाउँपालिकाको समेत कामकाज गर्दै आउनुभएकोमा मुख्य मंत्री तथा मंत्रीपरिषदको कार्यालय कोशी प्रदेश विराटनगरको मितिः २०८१।१२।२६ को निर्णयानुसार बाह्रदशी गाउँपालिका झापाबाट आ.ले.प अधिकृतस्तर छैठौं तहका श्री प्रशान्त खतिवडाको यस गाँउपालिकामा सरुवा भई कार्यालयमा हाजिर समेत भइसक्नु भएको र देउमाई नगरपालिका सरुवा भई जानुभएका

श्री राम दुलालले हप्ताको २ दिन मात्र काम गर्दा हाल दैनिक रुपमा कामको चाप बढ्दै गएको अवस्थामा सवै काम समयमै सम्पन्न गर्न कठिनाइ हुने देखिएकोले हाललाई आन्तरिक लेखा परीक्षण सम्बन्धी काम नगर्ने गरी सरुवा भई आउनुभएका आ.ले.प अधिकृतस्तर छैठौं तहका श्री प्रशान्त खतिवडाबाट यस गाउँपालिकाको आर्थिक प्रशासन सम्वन्धि कामकाज गर्ने व्यवस्था गरिदिनहुन कोष तथा लेखा नियन्त्रण कार्यालय इलामसँग अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५**

लारुम्बा सामुदायीक स्वास्थ्य इकाइको नाममा जग्गा राजिनामा पास गर्दा लागेको खर्च भूक्तानी गर्ने सम्वन्धमा ।

**निर्णय नं. ५**

माङसेबुङ गाउँपालिका ५ नं. वडा कार्यालयको मितिः२०८२।०१।१०, प.सं. ०८१।८२ तथा च.नं. ५६७ को पत्रबाट वडा नं. ५ स्थित लारुम्वा सामुदायिक स्वास्थ्य इकाइको भवन बनाउन आवश्यक जग्गा प्राप्तीका लागि जग्गादाता श्री डकेन्द्र सिंह लिम्बुबाट राजिनामा पास गर्न मालपोत कार्यालय इलाम जाँदा आउँदा यातायात खर्च,आबास तथा खाना नास्ता खर्च र राजश्व वापत रु ६६,६००।- खर्च भएकोले उक्त रकम भूक्तानी माग गरिएको छ भनी अनुरोध भई आएको हुँदा माग भै आए बमोजिमको रकम विविध कार्यक्रम खर्च शीर्षकबाट भूक्तानी दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ६**

सिमलटार सामुदायिक स्वास्थ्य इकाइको भवन निर्माण गर्ने सम्वन्धमा ।

**निर्णय नं. ६**

चालु आ.ब २०८१।०८२ मा माङसेबुङ गाउँपालिका वडा नं. ४ स्थित सिमलटार स्वास्थ्य केन्द्र भवन मर्मतको लागि कोशी प्रदेश सरकार सशर्त अनुदान अन्तर्गत रु १० लाख विनियोजन भई आएकोमा उक्त भवन मर्मत गर्न सकिने अवस्थामा नरहेको कारण यस कार्यपालिकाको मितिः २०८१।१२।८ मा सम्पन्न ४७ औं बैठकबाट उक्त बजेटबाट नयाँ भवन निर्माण शुरु गर्ने निर्णय भइसकेकोमा ४ नं. वडा समितिको मितिः २०८१।१२।२२ को बैठकबाट उक्त भवन माङसेबुङ गा.पा वडा नं.४ बस्ने श्री सुमन सेरेङले भोगचलन गर्दै आएको ऐलानी जग्गामा निर्माण गर्ने भनी निर्णय भई आएको र उक्त जग्गा बाहेक अन्य कुनै पनि उपयुक्त जग्गा नभएकोले ४ नं. वडा समितिको निर्णय बमोजिमको जग्गामा नै उक्त भवन निमार्ण गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ७**

गाउँसभाको १६ औं अधिवेशन आयोजना गर्ने सम्वन्धमा ।

**निर्णय नं. ७**

माङसेबुङ गाउँपालिका, गाउँ सभाको १६ औं अधिवेशन मिति : २०८२/०१/३१ गते बुधबार बिहानको ११:०० बजेदेखि माङसेबुङ गाउँपालिकाको सभाकक्षमा सञ्चालन गर्ने निर्णय गरियो ।

बैठक संख्या : ४८ औं मिति : २०८२/०१/१७

**प्रस्ताव नं. ८**

रेडियो तथा पत्रपत्रिका कार्यक्रम शीर्षकको रु. १० लाखलाई बाँडफाँड गर्ने सम्वन्धमा ।

**निर्णय नं. ८**

माङसेबुङ गाउँपालिकाको चालू आर्थिक वर्षको स्वीकृत बजेट अन्तर्गत 'रेडियो तथा पत्रपत्रिका कार्यक्रम' शीर्षकमा विनियोजित रु. १० लाखबाट देहाय बमोजिम कार्यक्रम गर्ने गराउने ।

देहाय :

१) किरात इङभो पान्जुम्भो (रु. १ लाख ३३ हजार)

२) माङसेबुङ पब्लिकेशन एण्ड मिडिया प्रा. लि. (रु. १ लाख ३३ हजार)

३) मेवानाम्बीन सञ्चार संस्था, (रु. १ लाख ३३ हजार)

४) नयाँ बुलन्द मल्टिमिडिया, प्रा. लि. (रु. १ लाख ३३ हजार)

५) हरप्रहर मिडिया प्रा. लि( रु. १ लाख ३५ हजार)

६) किरात मल्टिमिड़िया प्रा. लि. (रु. १ लाख ३३ हजार)

७) प्रेस चौतारी, इलाम( रु १ लाख )

८) प्रेस सेन्टर, इलाम( रु ५० हजार )

९) जनजाति फोनिज( रु ५० हजार )

जम्मा : १० लाख

**प्रस्ताव नं. ९**

स्वास्थ्य शिविर सञ्चालनको लागि खर्च उपलब्ध गराउने सम्बन्धमा ।

**निर्णय नं. ९**

माङसेबुङ गाउँपालिका ४ नं. वडा कार्यालयको मितिः २०८२।१।१६, प.सं.२०८१।८२ को पत्रबाट दमक हस्पिटल एण्ड रिसर्च सेन्टर दमक सँगको साझेदारीमा मितिः२०८२।१।३० गते निशुल्क स्वास्थ्य शिविर संचालनको लागि स्वास्थ्य शिविर कार्यक्रममा खटिने प्राविधिकहरुको आतेजाते यातायात तथा खाजा,खाना खर्चको लागि सहयोग माग भई आएकोले चालू आ.ब. को स्वास्थ्य तर्फको 'स्वास्थ्य तथा योग शिविर' शीर्षकबाट उक्त शिविर कार्यक्रमको लागि रु ५०,०००।- खर्च उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. १०**

प्राविधिक कर्मचारी अमिन (सहायक चौथो तह) करारमा नियुक्ति गर्ने सम्वन्धमा ।

**निर्णय नं. १०**

यस माङसेबुङ गाउँपालिका क्षेत्रभित्रका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुका लागि निस्सा वितरण गरिए बमोजमका जग्गा नाँपजाँच गर्ने कार्य हाल भूमि समस्या समाधान आयोग,जिल्ला समिति इलाम बाट खटाईनुभएको प्राविधिक टोलिहरुको काम लाई थप प्रभावकारी बनाउन अमिन (सहायक चौथो तह) पदमा करार मार्फत पदपूर्ति गर्नुपर्ने भएको हुँदा प्रचलित कानून बमोजिम सूचना प्रकाशीत गरी लिखीत तथा प्रयोगात्मक परीक्षा र अन्तरबार्ता मार्फात उम्मेदवारको छनौट गरी एक जना अमिन (सहायक चौथो तह) करारमा नियुक्ति गर्ने निर्णय गरियो । साथै निजलाई गाउँपालिका क्षेत्रभित्रका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुका लागि जग्गा वितरण कार्य अवधिभरिका लागि करारमा सेवालिने र सेवा सुविधा वापतको रकम गाउँपालिकाको **'सुकुम्बासी सम्बन्धि कार्यक्रम'** शिर्षकबाट भुक्तनी गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ११**

'आदिवासी/जनजाती सम्बन्धी कार्यक्रम' शीर्षकको रकम बाँडफाँड गरी कार्यक्रम संचालन गर्ने सम्वन्धमा ।

**निर्णय नं. ११**

माङसेबुङ गाउँपालिकाको चालू आर्थिक वर्षको स्वीकृत बजेट अन्तर्गत ' आदिवासी/जनजाती सम्वन्धी कार्यक्रम' शीर्षकमा विनियोजित रु. ५ लाखबाट निम्न बमोजिम बाँडफाँड गरी कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

निम्नः

१) **हाङमायक याक्थुङ-साक्थिगेन पान्जुम्भो माङसेबुङ-१ इलामलाई** च्याब्रुङ खरिद रु २ लाख ।

२) साकेला सिली उभौली कार्यक्रम संचालनका लागि **साकेला सिलि अभौली व्यवस्थापन समिति माङसेबुङ-६ इलाम**लाई रु ३ लाख ।

**प्रस्ताव नं. १२**

सरुवा सहमति दिने सम्बन्धमा ।

**निर्णय नं. १२**

माङसेबुङ गाउँपालिका अन्तर्गत वडा नं.४ मा कार्यरत श्री राजु कुमार राय पशु सेवा प्रविधिक (सहायक पाँचौं) ले यस गाउँपालिकाबाट अन्यत्र स्थानीय तह सरुवा भई जानको लागि सरुवा सहमति माग गर्नुभएको र निजको यस गाउँपालिकामा कार्यरत रहेको सेवा अवधि र वर्ष नपुगेको भएतापनि निजलाई यस माङसेबुङ गाउँपालिका निजको घरबाट अपायक परेको र निजको स्वास्थ्य समेत कमजोर भएकोले सुविधा सम्पन्न ठाँउमा उपचार गराउन पर्ने अवस्था भएको कारण निजलाई यस गाउँपालिकामा राखीराख्न उपयुक्त नहुने देखिएकोले स्थानीय सरकारी सेवा गठन तथा संचालन ऐन २०८० को दफा २४ को उपदफा ४ बमोजिम सरुवा भई जानको लागि सहमति दिने निर्णय गरियो ।

**प्रस्ताव नं. १३**

विपद व्यवस्थापन कोष बाट निर्णय भएको योजना सम्बन्धमा ।

## माङसेबुङ गाउँपालिका, इलाम
## गाउँ कार्यपालिकाको बैठक

**बैठक संख्या : ४८ औं** मिति : २०८२/०१/१७

**निर्णय नं. १३**

मिति: २०८१।०१।१५ गत विपद व्यवस्थापन कोष सञ्चालन समितिको निर्णय अनुसार छनौट भएको तपशिल योजना तथा बजेट अनुमोदन गर्ने निर्णय गरियो । उल्लेखीत योजना कोटेशन बाट गर्ने निर्णय गरियो ।

**तपशिल:**

गंगा बराइली खोल्सी नियन्त्रण योजना माङसेबुङ-५ - रु ३,५०,०००।-

**प्रस्ताव नं. १४**

जि.पि.एस डिभाइस खरिदको लागि रकम थप गर्ने सम्वन्धमा ।

**निर्णय नं. १४**

यस माङसेबुङ गाउँपालिका भित्रका भूमिहीन दलित, भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोबासीहरुलाई जग्गाधनी दर्ता प्रमाणपुर्जा वितरणको जागि जग्गा नापजाँच गर्न खटिएका प्राविधिक टोलीलाई आवश्यक सामाग्रीहरु मध्ये जि.पि.एस डिभाइस खरिदको लागि मिति: २०८१।१२।०८ को गाउँ कार्यपालिकाको बैठकको निर्णयानुसार रु ४०,०००।- छुट्याइएकोमा उक्त रकम नपुग भएकोल **'सुकुम्बासी सम्वन्धि कार्यक्रम'** शिर्षकमा विनियोजित रु २५,००,०००।- मध्येबाट थप रु १,६०,०००।- छुट्याउने निर्णय गरियो ।

**प्रस्ताव नं. १५**

थप रकम उपलब्ध गराउने सम्वन्धमा ।

**निर्णय नं. १४**

यस माङसेबुङ गाउँपालिकाको वडा नं. स्थित सिमलटार स्वास्थ्य केन्द्र भवनका लागि कोशी प्रदेश सरकार शर्सत अनुदान अर्न्तगत रु १० लाख विनियोजन भई आएकोमा उक्त रकम अपुग भएकोले चालू आ.बको समपूरक अनुदान शिर्षकमा विनियोजित रकम मध्येबाट थप रु ४ लाख उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. १६**

खेलाडी र विद्यार्थीलाई पुरस्कृत गर्ने सम्वन्धमा ।

**निर्णय नं. १६**

राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता २०८१ मा यस माङसेबुङ बाट सहभागी खेलाडीहरुमध्ये विभिन्न खेलमा प्रथम स्थान हासिल गर्न सफल १३ जना खेलाडी र पालिकास्तरीय कक्षा ८ को परीक्षामा प्रथम स्थान हासिल गर्ने १ जना छात्र र एक जना छात्रालाई प्रति व्यक्ति रु १० हजारका दरले नगद पुरष्कार प्रदान गर्ने र यसको लागि विविध कार्यक्रम खर्च शिर्षकमा विनियोजित रकम मध्येबाट रु २ लाख खर्च गर्ने निर्णय गरियो ।

---

*स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ को उपदफा २ को देहाय (ज) बमोजिम प्रमुख प्रशासकीय अधिकृतको हैसियतले कार्यपालिकाको बैठकको निर्णय प्रमाणित गर्दछु ।*

*सही :*

*नाम : बुद्धि प्रसाद खतिवडा*

*पद : नि.प्रमुख प्रशासकीय अधिकृत*